**प्रदेश सरकार**

# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

**गण्डकी प्रदेश, पोखरा, नेपाल।**

## सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/१०/८**

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा कोभिड-१९ बाट प्रभावित पर्यटन, यातायात, कृषि, सेवा क्षेत्रका उद्यमी/व्यवसायीहरुलाई जीवन्त राख्न व्यवसाय जीवन रक्षा कोषको व्यवस्था गरेको र सो कार्यक्रमको कार्यान्वयनको लागि व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ बमोजिमका उद्यमी/व्यवसायीहरुलाई निर्व्याजी कर्जा उपलब्ध गराउन यो सूचना प्रकाशन गरिएको छ। वार्षिक रु. ५० लाख वा सो भन्दा कम कारोवार भएका तपशिलका क्षेत्रका उद्यमी/व्यवसायीहरुले २०७७ साल माघ २१ गते देखि २०७७ साल फागुन २० गतेसम्म आफ्नो पायक पर्ने नजिकका तपशिलका बैंकहरुमा तोकिएका कागजात संलग्न राखि निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी विस्तृत विवरणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, नेपाल राष्ट्र बैंक, प्रादेशिक कार्यालय, पोखरा र सम्बन्धित वाणिज्य बैंकका शाखाहरुमा सम्पर्क गर्न सकिनेछ। साथै यस कार्यक्रम बमोजिम प्रदान गरिने कर्जाको सीमा, कर्जाको क्षेत्र र आवश्यक कागजातको नमूना ocmcm.gandaki.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।

तपशिल:

**कोभिड-१९ बाट प्रभावित क्षेत्र:**

**क) लघु, घरेलु तथा साना उद्यम अन्तर्गतका उद्यम व्यवसायहरु**

१. हस्तकला, चित्रकला एवम् सौगातका सामान बनाउने उद्यम व्यवसायहरु,
२. परम्परागत धातुका मूर्ति बनाउने उद्यम व्यवसायहरु,
३. स्थानीय कृषि उत्पादनमा आधारित जुस, अचार, मह, सस आदि उत्पादन गर्ने उद्यम व्यवसायहरु,
४. दुग्ध पदार्थ प्रशोधन गरी सोमा आधारित चिज, घिउ, मखन, छुर्पी आदि उत्पादन गर्ने,
५. घरेलु हाते तान आदि प्रयोग गरी कपडा बुन्ने तथा होजीयारी समेत,
७. ढाका उद्योग,
८. बुटिक व्यवसाय
९. जुत्ता चप्पल, पोते बुन्ने, झोला, पर्स बनाउने, अल्लो प्रशोधन गर्ने, गुडिया, अगरबत्ती, चाउमिन बनाउने, जाम, जेली, चिप्स, पापड आदि बनाउने साना उद्यम व्यवसायहरु।
१०. बेत, बाँस, निगालो, पराल, गहुँको नल, बाबियो, मकैको भुल्ला, केराको रेसा आदि प्रयोग गरी ह्याण्डिक्राफ्ट सम्बन्धी वस्तुहरु उत्पादन गर्ने उद्यम व्यवसायहरु।
११. स्थानीय जडिबुटीहरु जस्तै नीम, तुलसी, एलोभेरा आदि प्रशोधन गरी सौन्दर्यका पदार्थ उत्पादन गर्ने साना उद्यम व्यवसायहरु।
१२. कुखुरा पालन व्यवसाय
१३. पशुपंछी, मौरी तथा मत्स्यपालन व्यवसाय
१४. तयारी पोशाक, हस्तकला तथा सीपमूलक व्यवसाय
१५. नर्सरी, वन तथा खनिज उद्योग
१६. मूलभूत रुपमा सडेर गलेर जाने वस्तु जस्तैः तरकारी, फलफुल, पुष्प, माछामासु, दाना, दुध तथा दुग्धजन्य उत्पादन, अण्डा आदि उत्पादन तथा बिक्री वितरण
१७ स्थानीय खाद्यबस्तु उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण।

**ख) साना पर्यटन व्यवसाय अन्तर्गतका उद्यम व्यवसायहरु**

१. ट्राभल एजेन्सी तथा ट्रेकिंग व्यवसाय, पर्बतारोहण, र्यारफ्टिङ, क्याम्पिङ, टुर अपरेटर,
२. साहसिक पर्यटन जस्तैः बन्जी जम्पिगं, जिप फ्लायर, क्यानोनिङ्ग रक क्लाइम्बिङ्ग, प्यारा ग्लाइडिंग, अल्ट्रा लाइट, स्किईङ, ग्लाईडिङ, हट एयर बेलुनिङ, घोडचढी,
३. साना होटल, होम-स्टे, रेष्टुरेन्ट तथा बार,
४ गजल दोहोरी साँझ जस्ता सांस्कृतिक मनोरञ्जन दिने व्यवसाय
५. Embroidery and Garment
६. Trekking Equipment बिक्री गर्ने पसल व्यवसायहरु
७. पर्यटकीय किताव पसलहरु,
८. डुंगा व्यवसाय,
९. पार्टी प्यालेस तथा क्याटरिङ्ग व्यवसाय,
१०. Healing Centre, मसाज, स्पा आदि।

**ग) साना यातायात व्यवसाय अन्तर्गत वर्गीकरण भएका व्यवसायहरु**

| | |
|---|---|
| १. ट्याक्सी व्यवसाय | २. बस/ट्रक/मिनि बस/माइक्रो बस |
| ३. जीप/भ्यान | ४. ट्रयाक्टर |
| ५. अटो रिक्सा | ६. रिक्सा |

**घ) सेवामूलक व्यवसायहरु**

| | |
|---|---|
| १. यान्त्रिक कार्यशाला वर्कसप | २. ब्युटीपार्लररहेयर कटिङ्ग व्यवसाय |
| ३. छापाखाना तथा छपाई सम्बन्धि सेवा, | ४. सिलाई बुनाई |
| ५. सिनेमा हल | ६. ड्राईक्लिनिङ व्यवसाय |
| ७. व्यायामशाला (जीमखाना) | ८. निजी विद्यालय |
| ९. सञ्चार गृह | १०. निर्माण व्यवसाय |
| ११. शैक्षिक सामाग्रीको कारोवार गर्ने व्यवसाय | |

**आवश्यक योग्यता:**

क) गण्डकी प्रदेश भित्र उद्यम, व्यवसाय संचालन गरेको नेपाली नागरिक,
ख) बैंकिङ्ग कसूर अन्तर्गत कारबाहीमा नपरेको,
ग) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको,
घ) स्थायी लेखा नम्बर (एब्ल) लिएको,
ङ) कर्जाको आवेदन दिने मितिसम्म उद्यम, व्यवसाय स्थापना भएको कम्तीमा १ वर्ष पूरा भएको,
च) नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकाय वा स्थानीय तहमा दर्ता भएको,

**संलग्न गर्नु पर्ने कागजात:**

क) सम्बन्धित निकायमा वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
ग) गत आर्थिक वर्षको कर तिरेको निस्सा वा एब्ल को प्रतिलिपि
घ) प्राप्त कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्ताव,
ङ) धितोसम्बन्धी अद्यावधिक आवश्यक कागजातहरु,
च) दर्ता नभई १ वर्ष भन्दा अगाडिदेखि सञ्चालनमा रहेको उद्योगी व्यवसायीको हकमा स्थानीय तहको सिफारिस,
छ) कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको र बैंकिङ्ग कसूर अन्तर्गत कारबाहीमा नपरेको स्वघोषणा, र
ज) वार्षिक कारोबाररबिक्री रकम रु. ५० लाख वा सो भन्दा कम भएको स्वघोषणा

**बैकहरुको सूची:**

| | |
|---|---|
| १) नेपाल बैंक लि. | २) राष्ट्रिय बाणिज्य बैंक लि. |
| ३) कृषि विकास बैंक लि. | ४) एन.आई.सि. एसिया बैंक लि. |
| ५) प्रभु बैंक लि. | ६) ग्लोवल आई एम ई बैंक लि. |
| ७) लक्ष्मी बैंक लि. | ८) कुमारी बैंक लि. |
| ९) सिद्धार्थ बैंक लि. | १०) माछापुच्छ्रे बैंक लि. |
| ११) मेगा बैंक लि. | १२) प्राईम कमर्सियल बैंक लि. |
| १३) एभरेष्ट बैंक लि. | १४) नेपाल ईन्भेष्टमेण्ट बैंक लि. |
| १५) नेपाल बङ्गलादेश बैंक लि. | १६) एन सि सि बैंक लि. |
| १७) सिभिल बैंक लि. | १८) सनराईज बैंक लि. |

**सम्पर्क फोन नं.**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, शाखा अधिकृत श्री सिला बराल सापकोटा ९८४६२८७५३६**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, शाखा अधिकृत श्री विकास थापा मगर ९८५६०११८४७**
**नेपाल राष्ट्र बैंक, प्रादेशिक कार्यालय, पोखरा, सहायक निर्देशक श्री ऋषिराम ढकाल ९८५६०२७२४१**